## आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभाको निर्णयको विवरण (माईन्युट)

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१. सभा संचालन मिति, समय र स्थान :**

मिति : २०८१ साल पौष २९ गते सोमबार (13 January, 2025)

समय : बिहानको ९:३० बजेदेखि

स्थान : वेष्टर्न एशियन होटल प्रा.लि., बुटवल–१०, कालिकानगर, रुपन्देही

**२. सभाको सूचना :**

(क) वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०८१/०९/५ गते र दोस्रो पटक मिति २०८१/०९/१० गतेको आर्थिक राष्ट्रिय दैनिकमा छलफलका विषयसूची, सभा हुने मिति, स्थान तथा माध्यम र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै वित्तीय संस्थाले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै वित्तीय संस्थाको वेबसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

(ख) वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल राष्ट्र बैंक, बाह्य लेखापरीक्षक र आन्तरिक लेखापरीक्षकलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

**३. सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्धित अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतले हुने रकम रु. ४७ लाख २१ हजार ७५५ रुपैया मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. आर्थिक वर्ष २०८१/८२ का लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।

५. संस्थापक शेयरधनी (समुह क) को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. सर्वसाधारण शेयरधनी (समुह ख) को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ९.५० (नौ दशमलव पाँच शुन्य) प्रतिशतले हुने रकम रु. ८ करोड ९७ लाख १३ हजार ३५२ रुपैया बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. संस्थाको अधिकृत पूँजी रु. १ अर्ब रुपैंयाबाट वृद्धि गरी रु. १ अर्ब २५ करोड रुपैंया पुऱ्याउने ।

३. संस्थाको जारी र चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैंया २२ पैसा बाट वृद्धि गरी १ अर्ब ३ करोड ४० लाख ६४ हजार ४१७ रुपैंया २२ पैसा पुऱ्याउने ।

४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

५. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने ।

६. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

७. यस वित्तीय संस्थासँग अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**४. सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १) श्री राजेन्द्र प्रसाद दाहाल | अध्यक्ष |
| २) श्री चन्द्रराज शर्मा | सदस्य |
| ३) श्री बिष्णु प्रसाद पौड्याल | सदस्य |
| ४) श्री दामोदर जोशी | सदस्य |
| ५) श्री अमर डंगोल महर्जन | सदस्य |
| ६) श्री शान्ति प्रसाद उप्रेती | सदस्य |
| ७) श्री सविना राना | सदस्य |
| ८) श्री ध्रुव कुमार पौडेल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |

**(ख) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयम् उपस्थित | – २२३ जना |
| प्रोक्सी मार्फत उपस्थित | – ८६ जना |
| जम्मा शेयरको प्रतिनिधित्व | – ५१,३०,२१२.५४ कित्ता |
| उपस्थिति प्रतिशत | – ५४.३३ प्रतिशत |

**(ग) आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक एवं अन्य उपस्थिति :**

| | |
|---|---|
| १. श्री गोविन्द प्रसाद मरासिनी | निर्वाचन अधिकृत |
| २. श्री दुर्गा प्रसाद पाण्डेय | सहायक निर्वाचन अधिकृत |
| ३. सोनम दावा शेर्पा | ग्लोबल आइएमई क्यापिटल लिमिटेड |
| ४. नितेश ढुङ्गाना | ग्लोबल आइएमई क्यापिटल लिमिटेड |

**५. सभाको वैधानिकता :**
सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार विहान ९:३० बजेसम्म कुल शेयर संख्या ९४,४३,५१०.६५ कित्ताको ५० प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन हुँदा सम्मको हाजिरी अभिलेख अनुसार प्रोक्सी समेत गरी ५१,३०,२१२.५४ कित्ता शेयर अर्थात (५४.३३ प्रतिशत) शेयर सख्याको प्रतिनिधित्व सभामा रहेको थियो ।

**६. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत :**
उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभामा स्वागत गर्दै कम्पनी सचिवले सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु भयो । सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा वाचन गरी प्रस्तुत गर्नुभयो ।

**७. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**
अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक विवरण, आषाढ मसान्त २०८१ सम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन लगायत आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु उपर जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरुवाट जिज्ञासा, टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो ।

**क. श्री राजेन्द्र लम्साल :**
उच्चपदस्थ राजनीतिक व्यक्तिहरुकै संलग्नतामा सहकारीको रकम अपचलन भएको र त्यस्ता सहकारीमा वित्तीय संस्थाको समेत कर्जा लगानी रहेको समाचारहरु प्रकाशित भएकोमा, त्यस्ता सहकारीहरुमा संस्थाको के कति कर्जा रकम लगानी रहेको छ र सोको अद्यावधिक अवस्था के कस्तो छ भनी जिज्ञासा राख्नुभयो ।

**ख. श्री शिव प्रसाद बस्याल :**
साधारण सभामा मर्जर समिति गठन गर्ने प्रस्ताव राखिएकोमा, वित्तीय संस्थाको स्थापनाको पृष्ठभूमी तथा मुल उद्देश्यमा आँच नआउने गरी मर्जर सम्बन्धी आवश्यक कार्य गर्न सुझाव दिनुका साथै ग्रामीण क्षेत्रमा अवस्थित सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि मार्फत दिगो व्यवसाय गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

**ग. श्री दिपक ज्ञवाली :**
विकासका परम्परागत मोडलहरु असफल भईरहेको वर्तमान सन्दर्भमा, संस्था पनि वित्तीय सूचकाङ्कमा मात्र केन्द्रीत नरहेर वैकल्पिक विकासको अवधारणा बारे सचेत हुनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

**घ. श्री भुपती गैरे :**
संस्थामा सञ्चालक समिति बाहेक अन्य चार वटा उपसमितिहरु रहेकोमा, सोको कारण तथा औचित्यता बारे प्रष्ट पार्न अनुरोध गर्नुभयो ।

**ङ. श्री राम प्रसाद न्यौपाने :**
गत वर्ष संस्थाको संस्थापक शेयरको निश्चित अंश साधारण शेयरमा परिणत गरे जस्तै, फेरी साधारण शेयरमा परिणत गर्न मिल्ने नमिल्ने सम्बन्धमा जिज्ञासा राख्नुभयो ।

**च. श्री टुक राज पाण्डे :**
संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वको कार्य गर्दा, उक्त क्षेत्रमा अवस्थित शेयरधनीहरु संग समन्वय तथा सहकार्य गर्न सकेमा थप प्रभावकारी हुने धारणा व्यक्त गर्नुभयो ।

**छ. श्री हरि प्रसाद न्यौपाने :**
सहकारी तथा लघुवित्त क्षेत्रमा विविध समस्याहरु देखिएको समयमा, संस्थाको जोखिम व्यवस्थापन समितिले के कस्तो रणनीति बनाईरहेको छ भन्ने जिज्ञासा राख्दै, नियमावलीमा प्रस्ताव गरिएको संशोधनका अन्य बुँदाहरु सान्दर्भिक रहेतापनि, सञ्चालकहरुलाई मासिक उपलब्ध गराउन प्रस्ताव गरिएको पत्रपत्रिका र सञ्चार खर्चमा संशोधन गर्नुपर्ने धारणा राख्नुभयो ।

**ज. श्री हरि बहादुर बमरेल, श्री डिल्लीराज ज्ञवाली र श्री मनहरी वस्याल :** सहकारी तथा अन्य लघुवित्त संस्थाहरुका विविध गतिविधिहरुको चर्चा गर्दै समय सापेक्ष सञ्चालकहरुको भूमिका र सुविधामा समेत परिमार्जन गर्दै जान सुझाव दिदैं संस्थाको प्रगती र सफलताकालागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

**८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर :**
शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावको जवाफ अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले दिँदै शेयरधनी महानुभावहरुले दिनुभएको सुझाव, हौसला र सकारात्मक प्रतिकृयाले संस्थालाई अगाडी बढाउन थप प्रेरणा मिलेको र सुझावहरुलाई मनन गरी अगाडी बढ्ने प्रतिवद्धता जनाउनु भयो ।

**९. संभाका प्रस्ताव तथा निर्णयहरु :**
**(क) सामान्य प्रस्ताव :**

**१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वाार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**३. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतले हुने रकम रु. ४७ लाख २१ हजार ७५५ रुपैया मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतले हुने रकम रु. ४७ लाख २१ हजार ७५५ रुपैया मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**४. आर्थिक वर्ष २०८१/८२ का लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।**

आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव उपर छलफल हुँदा सभाबाट लेखापरीक्षण संस्था श्री पि.एल.आर.जी. एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट् श्री प्रकाश लम्साललाई शुल्क बापत रु. ३,२५,०००।– (अक्षरेपी तीन लाख पच्चीस हजार रुपैयाँ मात्र) कर बाहेक भुक्तानी गर्ने गरी लेखापरीक्षण, कर लेखापरीक्षण र अन्य नियमनकारी निकायमा पठाउनु पर्ने विवरणको प्रमाणिकरण समेत गर्न आर्थिक वर्ष २०८१/८२ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सभाले सर्वसम्मतिमा पारित गऱ्यो ।

**५. संस्थापक शेयरधनी (समुह क) को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनी समूह क बाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरु निर्वाचन गर्न वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका २०७१ को दफा ३ मा व्यवस्था भएअनुसार, मिति २०८१ पुस ०४ गतेको सञ्चालक समितिको १६४ औं बैठकको निर्णयबाट नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री गोविन्द प्रसाद मरासिनीलाई निर्वाचन सम्वन्धी कार्यक्रम अगाडी बढाउन कम्पनी सचिवले समय प्रदान गर्नु भयो । निर्वाचन अधिकृत श्री गोविन्द प्रसाद मरासिनिले पूर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संस्थापक शेयरधनी समूह क तर्फबाट ३ जना शेयरधनीले मात्र उम्मेदवारी दर्ता गराएको र तोकिएको समयमा कुनै दाबी बिरोध नपरेकोले श्री ग्रामीण स्वावलम्बन विकास केन्द्र काठमाण्डौंका तर्फबाट श्री राजेन्द्र प्रसाद दाहाल, श्री ग्लोबल आइएमई बैंक लिमिटेडको तर्फबाट श्री चन्द्रराज शर्मा, तथा व्यक्तिगत लगानीकर्ताका तर्फबाट श्री विष्णु प्रसाद पौड्याल संस्थापक शेयरधनी समूहबाट आगामी ४ बर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

**६. सर्वसाधारण शेयरधनी (समुह ख) को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

निर्वाचन अधिकृत श्री गोविन्द प्रसाद मरासिनिले पूर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनी समूह ख बाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको लागि ३ जना शेयरधनीले मात्र उम्मेदवारी दर्ता गराएको र तोकिएको समयमा कुनै दाबी बिरोध नपरेकोले श्री अमर डंगोल (महर्जन), श्री शान्ति प्रसाद उप्रेती र श्री मन्जु न्यौपाने सर्वसाधारण शेयरधनी समुहबाट आगामी ४ बर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

**(ख) विशेष प्रस्ताव :**

**१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ९.५० (नौ दशमलव पाँच शुन्य) प्रतिशतले हुने रकम रु. ८ करोड ९७ लाख १३ हजार ३५२ रुपैया बराबरको बोनस शेयर वितरण गर्ने स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ९.५० (नौ दशमलव पाँच शुन्य) प्रतिशतले हुने रकम रु. ८ करोड ९७ लाख १३ हजार ३५२ रुपैया बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिमा पारित भयो ।

**२. संस्थाको अधिकृत पूँजी रु. १ अर्ब रुपैंयाबाट वृद्धि गरी रु. १ अर्ब २५ करोड रुपैंया पुऱ्याउने ।**

वित्तीय संस्थाको संस्थाको अधिकृत पूँजी रु. १ अर्ब रुपैंयाबाट वृद्धि गरी रु. १ अर्ब २५ करोड रुपैंया पुऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

**३. संस्थाको जारी र चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैंया २२ पैसा बाट वृद्धि गरी १ अर्ब ३ करोड ४० लाख ६४ हजार ४१७ रुपैंया २२ पैसा पुऱ्याउने ।**

संस्थाको जारी र चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैंया २२ पैसा बाट वृद्धि गरी १ अर्ब ३ करोड ४० लाख ६४ हजार ४१७ रुपैंया २२ पैसा पुऱ्याउने प्रस्ताव सर्वसम्मतिमा पारित भयो ।

**४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

**प्रबन्धपत्रमा संशोधन :**

**दफा ६ (क)** वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,२५,००,००,०००।– (एक अर्ब पच्चीस करोड रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर १००।– का दरका १,२५,००,०००।– (एक करोड पच्चीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ख)** वित्तीय संस्थाको जारी शेयर पूँजी रु. १,०३,४०,६४,४१७।२२ (एक अर्ब तीन करोड चालीस लाख चौसठ्ठी हजार चार सय सत्र रुपैयाँ र बाईस पैसा) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।– दरका १,०३,४०,६४४।१७ (एक करोड तीन लाख चालीस हजार छ सय चौवालिस दशमलव एक सात) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** वित्तीय संस्थाको चुक्ता पूँजी रु. १,०३,४०,६४,४१७।२२ (एक अर्ब तीन करोड चालीस लाख चौसठ्ठी हजार चार सय सत्र रुपैयाँ र बाईस पैसा) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।– दरका १,०३,४०,६४४।१७ (एक करोड तीन लाख चालीस हजार छ सय चौवालिस दशमलव एक सात) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**५. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने ।**

सञ्चालक समितिले प्रत्येक सञ्चालकलाई मासिक पत्रपत्रिका र सञ्चार खर्च वापत रु. ७,५००।– (अक्षरेपि सात हजार पाँच सय मात्र) उपलब्ध गराउने प्रस्ताव गरेकोमा सभाले संशोधन सहित, वित्तीय संस्थाको नियमावलीमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरेको छ ।

**<u>नियमावलीमा संशोधन :</u>**

**दफा ३२ (१–ख)** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु. ८,५००।– र रु. ७,५००।– हुनेछ ।

**दफा ३२ (१–ग/अ)** स्वदेशमा दैनिक भ्रमण भत्ता रु. ७,५००।– हुनेछ ।

**३२ (१–ग/उ)** प्रत्येक सञ्चालकलाई मासिक पत्रपत्रिका र सञ्चार खर्च वापत रु. ३,०००।– (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) उपलब्ध गराईने छ ।

**६. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।**

साधारण सभाबाट पारित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी अन्तिम रुप दिन र साधारण सभाका निर्णय कार्यान्वयन गर्न अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिमा पारित भयो ।

**८. यस वित्तीय संस्थासँग अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठीत मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठीत मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्दै, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**ग) विविध :**

कम्पनी ऐन २०६३ को दफा ७७ (२) बमोजिम विविध शीर्षक उपर छलफल गर्न कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनमा व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने ब्यहोरा सभालाई जानकारी गराईयो ।

**<u>१०. धन्यवाद ज्ञापन तथा सभाको समापन र विसर्जन :</u>**

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षले एघारौं वार्षिक साधारण सभाामा सहभागी निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने नियमनकारी निकायहरु, समस्त साझेदार संस्थाहरु, कर्मचारी परिवार लगायतलाई

वहाँहरुले आ–आफ्नो तर्फबाट दिनु भएको योगदानको उच्च प्रशंसा गर्दै शेयरधनी महानुभावहरुले सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

अन्त्यमा, सभाका अध्यक्षले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा दिनको १२:५० बजे समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| ध्रुव कुमार पौडेल | राजेन्द्र प्रसाद दाहाल |
| कम्पनी सचिव | अध्यक्ष |